# नेपाल राष्ट्र बैंक, नेपालगंज कार्यालय

## सामान लिलामको सूचना

(सिलवन्दी बोलपत्रको लागि)

**दोश्रो पटक प्रकाशित मितिः २०७२/१२/०३**

यस कार्यालयका देहाय बमोजिमका पुराना सवारी साधन टाटा सफारी जीप जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/ कम्पनीहरुबाट यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ११ (एघारह) दिनभित्र बोलपत्र फारम खरिद गरी १२औं दिन कार्यालय समय (१७:०० बजे)भित्र (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन ) देहायका शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल (इ.सं.) | सवारी साधन नम्बर | सँख्या | न्युनतम लिलाम मुल्य |
|---|---|---|---|---|---|
| १ | टाटा सफारी जीप | २००६ | बा.५ च ७१९६ | १ | ११,००,०००।०० |

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः

(क) स्थानः नेपाल राष्ट्र बैंक, नेपालगंज कार्यालय, धम्बोझी चोक, नेपालगंज

(ख) समयः दिउसो १२.३० बजे

(ग) मितिः २०७२/१२/१५

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव २१०९९९९/०११/००२/५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) टाटा सफारी जीपको लागि बोलपत्र फाराम रु.१,०००।- (फिर्ता नहुने गरी) यस कार्यालयबाट र यातायात व्यवस्था कार्यालय, नेपालगन्जबाट खरिद गर्न सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान ११.०० बजे देखि दिनको ४ बजेसम्म यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको स्थाई लेखा नंवर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा लगअन गरी हेर्न सकिने छ ।

निर्देशक<br>
नेपाल राष्ट्र बैंक<br>
नेपालगन्ज कार्यालय